# रूपान्तरण



## यस भित्र


१. शुभकामना सन्देश

२. रुपान्तरण अभियान

३. आत्मसम्मानपूर्ण जीवन

६. रोजगारदाताको तर्फबाट

८. सहकार्य र साझेदारीमा परियोजना

९. शिक्षालय सन्दर्भ र

११. साहित्यीक सिर्जना



**सानो ठिमी प्राविधिक शिक्षालय**

**सानोठिमी, भक्तपुर**

**२०७० वैशाख**



शुभकामनाका केही शव्द !

गत वर्ष देखि प्रारम्भ गरिएको "रुपान्तरण" पत्रिका यसपल्ट नयाँ कलेवरमा नयाँ नयाँ सामग्री लिएर प्रकाशित हुन लागेको देख्दा ज्यादै खुसी भएको छु । यस रुपान्तरणका माध्यमवाट प्रशिक्षक, प्रशिक्षार्थी एवं प्राविधिक शिक्षामा रुचि राख्ने सवैलाई लाभ मिल्नेछ । यद्यपि, विश्वका वहुसंख्यक देशले आधुनिक युगमा विकास पार गरेर उत्तर आधुनिकतामा प्रवेश पाइसकेका छन् । पृथ्वीलोकबाट क्रमश चन्द्रलोक, मंगललोक हुँदै अन्य नयाँ-नयाँ लोकहरुको खोजी र संभाव्यता अध्ययन गर्दैछन । यता, हामी नेपालीहरु भने अझै पनि गरीबी, अशिक्षा, सामाजिक पछौटेपन र विभिन्न समस्यावाट जेलिएका छौं । अशिक्षाकै प्रभावले हामीमा विकास निर्माण गर्ने शक्ति र जाँगर उत्पन्न हुन सकेन । अझै परम्परागत ढंगबाट चल्न वाध्य छौ । नयाँ चिन्तन र सोचको अभाव छ ।

शिक्षा क्षेत्रमा पनि विशेषगरि प्राविधिक-रोजगारी शिक्षा आजको आवश्यकता हो । प्रत्येक वर्ष लाखौं युवाशक्ति रोजगारीका निम्ति विदेश पलायन हुनु पर्ने बाध्यता छ । यस्तो अवस्थामा युवा शक्तिलाई नै प्राविधिक शिक्षा दिएर रोजगारी दिने वा स्वरोजगारका निम्ति सामर्थ्य बनाउनु अत्यन्त आवश्यक छ ।

यही उद्देश्य परिपुर्तिका लागि विगत तीन दशकदेखि **युसेप नेपाल** अविच्छिन्न रुपमा प्राविधिक शिक्षाको विकासमा योगदान पुऱ्याउँदै आएको छ । यहाँबाट शिक्षा प्राप्त गरेका युवाशक्ति रोजगारमुखी भएर देश-विदेश फैलिएका छन् । हामीले गत वर्ष देखि शिक्षा र तालिम सगँसँगै विद्यार्थीहरुको प्रतिभा विकसित गर्न अतिरिक्त कार्यक्रमहरु पनि सञ्चालन गर्न थालेका हौं ।

रुचि अनुसार सिर्जनात्मक क्रियाकलापमा पनि प्रशिक्षित गराएका छौं । विद्यार्थीहरुले कविता, गीत, कथा, निबन्ध, पत्रकारिता अथवा चित्रकला सम्बन्धी अभ्यास गरेर आफ्नो प्रतिभाको विकास गर्ने अवसर पाएका छन् । यही कुरालाई ध्यानमा राखेर **'रुपान्तरण'** नामक पत्रिका प्रकाशित गर्न थालिएको हो ।

निश्चय नै यसपल्टको परिमार्जित र नयाँ नयाँ सामग्री एवं प्राविधिक शिक्षा समवन्धी अनुभवपूर्ण ज्ञानगुनले भरिएको "रुपान्तरण" सवैका निम्ति पठनीय र संग्रहणीय हुनेछ भन्ने कुरामा द्विविधा छैन । अन्तमा यस रुपान्तरणले ज्ञान र वौद्धिक सामग्री सहित निरन्तरता पाइरहनेछ भन्ने कुरामा आशा एवं विश्वास गरेको छु ।

राम कृष्ण निराला
अध्यक्ष, युसेप नेपाल



**Dear Members of the School Community,**

It is a real pleasure to express my thoughts through this publication. It has been a quite an experience, being involved with this technical school, to see it in a position where it has consolidated its programs and activities. I am sure all the people involved, whether it is in the management, training or services, will work towards the common vision of developing it as one of the shining examples of life-changing institutions for individuals who choose to live a life of dignity. I have my very best wishes and support.

With best regards,

Suraj Dahal
General Secretary, UCEP Nepal



हार्दिक शुभकामना !

सानो ठिमी प्राविधिक शिक्षालयले  प्रकाशन प्रशिक्षक एवं प्रशिक्षार्थीहरुको वौद्धिक र रचनात्मक विकास गर्ने उद्देश्यवाट "रुपान्तरण" पत्रिका प्रकाशन गर्दै आएको कुरा विदितै छ । यसलाई निरन्तरता दिने क्रममा रुपान्तरण पुनः प्रकाशन हुन लागेकोमा म ज्यादै हर्षित छु । शिक्षालयका प्रशिक्षार्थीहरुको रचनालाई विशेष प्राथमिकता दिई शिक्षालयसँग सम्वन्धित लेख, शिक्षालयको गतिविधि, प्रगति झल्कने आँकडा एवं शिक्षालयमा हुने तालिमहरुलाई समेटी प्रकाशन गर्न लागिएको यो अंक सूचनामुलक एवं पठनीय हुनेछ भन्ने विश्वास लिएको छु । यसमा प्रकाशित हुने प्रशिक्षण सम्वन्धी सामग्री, सूचना एवं प्रशिक्षार्थीहरुको रचना र अनुभवले प्रशिक्षार्थीहरुको वौद्धिक विकासको लागि प्रेरणा प्रदान गर्ने र उनीहरुको जीवन शैलीमा पनि सकारात्मक रुपान्तरण ल्याउन मद्दत गर्नेछ भन्ने कुरामा विश्वस्त छु ।  यसका साथै अन्य प्रशिक्षार्थी तथा अवसर नपाएका वेरोजगार युवा जमातलाई समेत यसले तालिमप्रति आकर्षित गर्नेछ भन्ने कुरामा पनि आशावादी छु । अन्तमा शिक्षालयले गरिहेको यस प्रकारको प्रशंसनीय कदम सहित निरन्तर अगाडि बढ्ने क्रममा कुनै पनि वाधा व्यवधान आइपर्ने छैन र यसका लागि सबैवाट सहयोग प्राप्त भइरहनेछ भन्ने कुरामा आश्वस्त पार्दै शुभकामना व्यक्त गर्दछु ।

राजेश्वर देवकोटा
कार्यकारी निर्देशक, युसेप नेपाल

# रुपान्तरण

वर्ष २ (फाल्गुण) अंक १



**सल्लाहकार**
रामकृष्ण निराला
डा.तुलसी प्रसाद भट्टराई
सुरज दाहाल
राजेश्वर देवकोटा

**सम्पादक**
चन्द्र कुमार ढुंगाना

**विशेष सहयोगी**
सुवास सुवेदी
राजिद सैंजू

**कार्य मण्डल**
श्रीकृष्ण महर्जन
पुरुषोत्तम मुनाकर्मी
राम सुन्दर सुवाल
सन्जु बज्राचार्य
सोनी तण्डुकार
शिव बालक चौधरी
हिरामणी हुमागाई


## सम्पादकीय

करिव एक बर्ष अघि सानो ठिमी प्राविधिक शिक्षालयमा प्रशिक्षणरत प्रशिक्षार्थीहरुको एउटा सानो समूहलाई पत्रकारिता तालिम दिने क्रममा उनीहरुबाट संकलन भएको सामाग्रीलाई समेटेर रुपान्तरण नामबाट सामाजिक पत्रिका प्रकाशित गरिएको थियो । यसबाट प्रशिक्षक एवं प्रशिक्षार्थीमा हौसला बढेको हो । जसले गर्दा रुपान्तरणलाई निरन्तरता दिनुपर्छ भन्ने कुरामा हामीमाझ सहमति भयो । परिणाम स्वरुप यसको अर्को अंक अलि भिन्न किसिमले शिक्षाप्रद तथा सूचनामूलक ढंगले प्रकाशित गर्ने कोशिस गरेका छौं । युसेप नेपाल र यसबाट संचालित कार्यक्रमहरुको लेखाजोखा, व्यवसायिक तालिम सम्वन्धी नीति तथा सूचनाहरु, उद्यमी तथा व्यवसायीहरुको आवश्यकता, तालिममा सफल भएका स्वरोजगार वा रोजगारमा लागेकाहरुको अनुभवका साथै तालिममा प्रशिक्षणरत प्रशिक्षार्थीहरुका लेख, रचना सहितको शिक्षाप्रद तथा सूचनामूलक पठनीय सामग्रीको रुपमा यो अंक आएको छ। साथ साथै अब वर्षमा दुई पटक यस क्षेत्रमा रुचि राख्ने पारखीहरुका लागि प्रकाशन गर्ने निधो गरेका छौं ।

रोजगारी र सुन्दर भविष्यको रंगिन सपना बोकेर विदेश पलायन हुने लालसा राख्ने देशका बेरोजगार युवाको जमात ठूलै छ। वैदेशिक रोजगारीका क्रममा आईपर्ने थुप्रै समस्याहरुबाट वेखवर यस्ता युवालाई हाम्रो देशमा उपेक्षित मानिएका पेशाहरुबाट राम्रै धनराशी आर्जन गरेर आनो घर पठाउने बाहिरबाट आएका जनशक्तिका बारेमा बुझाउन सके स्वदेश तथा बिदेशमा अत्यधिक माग हुने यस्ता अर्धदक्ष जनशक्ति सम्बन्धी छोटो अवधिको तालिममा समावेश गरी उनीहरुलाई सीप प्रदान गर्नका साथै आत्मानिर्भर बनाउन सकिन्छ। यस सन्दर्भमा छोटा अवधिका सीपमूलक तालिमहरु बेरोजगार युवा जसले विविध कारणले उच्च शिक्षा हासिल गर्न सक्दैनन वा सकेका छैनन् त्यस्ताका लागि स्वरोजगार हुन वा रोजगारी पाउन सबैभन्दा सरल र प्रभावकारी कदम हो भन्ने तथ्य यहाबाट तालिम प्राप्त गरेका भाई बहिनीहरु बिभिन्न कार्यालय, कलकार खाना आदिमा आफुले पाएको सीप अनुसारको पदमा काम गरी सुखद जीवन यापन गरिरहेको यथार्थलाई हेर्दा प्रष्ट हुन्छ ।

यिनै कुराहरुलाई मध्यनजर राख्दै सुखद भविष्यको सपना कोरेर आफ्नो लक्ष्य प्राप्त गर्न व्यवसायिक शिक्षाको ज्योतिबाट "रुपान्तरण" हुन चाहनेहरुको सोच र तालिम पश्चात आफूले चाहेको लक्ष्य प्राप्त गरी सुखद जविनमा रुपान्तरित भएकाहरुका आनो कामको अनुभव समेट्दै रुपान्तरणको प्रकाशन गर्दै जाने अठोट लिएको छौं। यसरी प्राविधिक शिक्षा चाहने र पाईसकेका दुई धारको बीचमा सहजकर्ताको कार्य गर्न सके सानोठिमी प्राविधिक शिक्षालयले आफूले लिएको उद्देश्य केही हदसम्म मात्र भए पनि पूरा भएको ठान्ने छ। रुपान्तरणको माध्यमबाट हाम्रो यो उद्देश्यपूर्तिमा ठूलो सहयोग मिल्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं । हाम्रो यस रुपान्तरण प्रकाशनका निम्ति सम्वन्धित सबै क्षेत्रबाट मन, वचन र कर्मबाट सहयोग गर्ने कार्य समुह, सम्पादन मण्डल, विशेष सहयोगी एवं सल्लाहकारहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं र आगामी दिनमा पनि यो सहयोग प्राप्त भइरहनेछ भन्ने विषयमा पनि हामी ढुक्क छौं ।


**प्रकाशक**
सानो ठिमी प्राविधिक शिक्षालय
सानोठिमी भक्तपुर

# रुपान्तरण अभियान

युसेप नेपालद्वारा सञ्चालित सानो ठिमी प्राविधिक शिक्षालय, व्यवसायिक शिक्षा तथा तालिम क्षेत्रको अग्रणी एवं स्थापित संस्था हो । सन् १९७८ मा स्थापित यस संस्थाले हजारौं जनालाई तालिम प्रदान गरी दक्ष एवं आत्मनिर्भर बन्न मद्दत पुऱ्याएको छ । समाजमा सवैले सम्मान पूर्वक वाँच्न पाउने अधिकारको संरक्षण गर्ने उद्देश्य लिएको यस शिक्षालयले शिक्षामा पहुँच नभएकाहरु, विद्यालय छाडेकाहरु, सीप सिक्न खोज्ने इच्छुकहरु, सडक वालवालिका, सिमान्तकृत समुदाय आदि समेट्न खोजेको छ ।

तालिमवाट प्रशिक्षार्थीहरु प्रत्यक्ष लाभान्वित हुन भन्ने यद्देश्यले शिक्षालयले विभिन्न प्रकारका उपायहरु तालिम अवधिभरमा अवलम्वन गर्दछ जो यस प्रकार छन् ।

## तालिम पूर्व अपनाइने प्रक्रियाहरु :

**विज्ञापन** शिक्षालयले सञ्चालन गर्ने तालिमहरुको पूर्ण विवरण सहितको सूचनाहरु, देशमा प्रचलित सञ्चारका सवै माध्यमवाट प्रसारित गर्ने गर्दछ । यसरी नै विभिन्न प्राविधिक तथा व्यवसायिक अन्य निकायहरुवाट प्रकाशित हुने पत्र पत्रिका एवं मुख पत्र मार्फत पनि सूचना प्रवाह गरिन्छ ।

**समुदाय परिचालन** शिक्षालयको लक्षित वर्गका रुपमा रहेका वेरोजगार यूवा यूवतिहरुलाई शिक्षालयमा सञ्चालन हुने तालिमहरुको वारेमा सु सुचित गर्नका लागि शिक्षालयले आफ्ना प्रशिक्षकहरुको सहयोगमा विभिन्न समय र स्थानमा समुदाय परिचालन कार्यक्रम निरन्तर रुपले गर्दै आएको छ । यसका लागि सम्वन्धित प्रशीक्षकहरुको समुह स्थानीय स्तर मा गई प्रत्यक्ष भेटघाट, समुह छलफलको माध्यमवाट कार्यक्रम सञ्चालन गरिन्छ ।

**अन्तर्वार्ता र छनोट** लक्षित समुहवाट आवेदनहरु प्राप्त गरिसकेपछि आवेदकको तालिमप्रति सकारात्मक सोच, रोजगारीको आवश्यकता, सिक्ने अठोट तथा तालिम पुरा गर्ने प्रतिवद्धता छ कि छैन भन्ने थाहा पाउन निजहरुसाग आवश्यकता अनुसार लिखित वा मौखिक अन्तर्वार्ता लिई छनौट प्रक्रिया पुरा गरिन्छ ।

**विषयगत तालिम** नेपाल सरकारको निर्दिष्ट मापदण्ड अनुसारको पाठ्यक्रम अनुसार शिक्षालयले आफ्ना तालिमको Lession plan, syllabus, curriculum हरुलाई लागु गरी सैद्धान्तिक कक्षा सञ्चालन गर्दछ ।

## तालिमका क्रममा अपनाइने प्रक्रियाहरु :

**प्रयोगात्मक तालिम** सैद्धान्तिक कक्षाहरुका साथमा शिक्षालयले ८० प्रतिशत समय प्रशीक्षार्थीको प्रयोगात्मक कक्षामा दिने गर्दछ । प्रशीक्षार्थीको प्रयोगात्मक ज्ञान प्रदान गर्नका लागि विभिन्न कलकारखाना तथा Exhibition हरुमा Exposure visit गराउादछ। यसका साथै राष्ट्रिय सीप परीक्षण समितिवाट Skill Test समेत गराउँदछ ।

**जीवन उपयोगी कक्षाहरु** शिक्षालयले प्रशीक्षार्थीहरुको मनोवल वढाउनका लागि विभिन्न विषेशज्ञ एवं सामाजिक कार्यकर्ताहरुको सहयोगमा soft skills हरु प्रदान गर्ने कक्षाहरु सञ्चालन गर्दछ । यसवाट प्रशिक्षार्थीहरुले प्राविधिक तालिमका साथै वाहिरी कार्यक्षेत्र एवं सामाजिक परिवेशका वारेमा ज्ञान प्राप्त गर्दछन् ।

**कार्यगत तालिम** प्रशिक्षार्थीलाई सैद्धान्तिक एवं प्रयोगात्मक तालिम प्रदान गरिसकेपछि शिक्षालयले प्रशीक्षार्थीलाई विभिन्न कार्यशाला एवं कन्सट्रक्सन साइटहरुमा आवश्यक अवधिका लागि कार्यगत तालिमका लागि पठाउने गर्दछ । यसवाट प्रशीक्षार्थीले वास्तविक कार्यक्षत्रमा गर्ने कार्यहरुको वारेमा सिक्ने मौका पाउादछ ।

## तालिम पश्चात अपनाइने प्रक्रियाहरु

**रोजगारी** शिक्षालयले आफ्ना प्रशीक्षार्थीहरुलाई तालिम पश्चात रोजगारीको पहल गर्ने गर्दछ । यसका लागि शिक्षालयले छुट्टै प्लेसमेन्ट युनिटको स्थापना गरेको छ । हालसम्मको अभिलेखमा शिक्षालयले आफूले तालिम प्रदान गरेका प्रशीक्षार्थीहरुमध्ये ८० प्रतिशतलाई रोजगारी दिलाउन सफल भएको छ ।

**फलो अप** : रोजगारीको अवस्था साथै प्रशिक्षार्थी र रोजगारदाता विचको सम्वन्ध, सुविधा र सुधार को अवस्थाका बारेमा शिक्षालयले नियमित फलो अप गर्दछ । कम्तिमा रोजगार पश्चातको दुई महिना प्रशिक्षार्थीहरुको फलोअप गर्ने गरेकोछ ।

यसरी नतिजामुखी तालिम प्रदान गरी देशमा विद्यमान गरिवी हटाउने एवं वेरोजगारीलाई रोजगारीमा रुपान्तरण गर्ने अभियान नै सानो ठिमी प्राविधिक शिक्षालयको उद्देश्य हो ।

## चाहिएको छ ।

आतंक मौलिएको धर्तिमा
रगतको खोला वगेको छ ।
सत्ता चलाउने लालसमा
जनताका घाँटी निमोथिएको छ ।

कसैलाई सम्भ्रान्त हुने रहरमा
सानाको जीवन खोसीएको छ ।
अशान्तको परिवेशलाई
वृक्षको शान्ति चाहिएकोछ ।

मिठो सपना किन्ने धुनमा
तन्नेरी पाउहरु लीलाएको छ ।
हाँसो खुशी टिप्ने शौखमा
आशाहरु पनि हराएकोछ ।

सीप र सिर्जना लुटिएको वेला
परिश्रमी हातहरु चाहिएको छ ।
परिश्रमी हातहरलाई आज
युसेपको साथ चाहिएकोछ ।

सीप सिक्ने आशामा
मेहनतको पसिना वगेको छ ।
प्रविधिको संसारमा
प्रविधिको गुण लुकेको छ ।

यस्तो प्रविधि लिने हातलाई
युसेपको साथ चाहिएको छ ।
प्रगति तिर लम्कनेलाई
वलियो साथ चाहिएकोछ ।

– सन्तोषी घिमिरे,
प्रशिक्षार्थी
हाउस वाईरिङ्ग

# प्राविधिक सीप र महिला सहभागिता

खोटाङ्ग जिल्ला, बुइपा गा.वि.स. वडा नं. २ निवासी भोजा राईलाई महिलाले प्रायजसो रुचाउने तालिमहरु सिलाई बुनाई, ब्यूटिसियन जस्ता तालिमहरु प्रति खासै रुचि नभएको बताउछिन् ।

महिलाहरु आत्म निर्भर भएको देख्दा आफुलाई सन्तोष मिल्ने र उनीहरु जस्तै आत्म निर्भर भएर केहि गर्छु भन्ने अठोटका साथ आफन्त मार्फत तालिमका बारेमा थाहा पाए पछि कादुर ी भन्ने संस्थाको सहयोगमा तालिममा सहभागि हुने अन्तर्वार्तामा सहभागि भईन्। उनी तालिममा सहभागी हुनका लागि छनौटमा पनि परिन् । तालिममा जनरल मेकानिक तालिम लिने अरु महिला साथीहरु पनि थिए। तालिम दिने प्रशिक्षक महिला नै भएकोले गर्दा पनि तालिम अवधिभर उनलाई जनरल मेकानिक तालिम उपलब्धिमूलक भएको बताउँछिन् । ११ कक्षा सम्म अध्ययन गरेकि भोजा गाँउमा आफु सरह पढाइ गरेका साथीहरु त्यतिकै बसेको देख्दा दुख लाग्छ भन्छिन



तालिम कै दौरानमा कार्यगत तालिममा सबै साथीहरु टेकु स्थित होराइजन टेक्निकल सेन्टर मा पठाइएको थियो । काम गर्दै जादा बाहिर बाट आउने व्यक्तिहरुले महिलाले काम गरेको देख्दा अचम्म मान्थे । कसै कसैले त किन यस्तो काम गरेको पनि भन्ने गर्थे । तर यी सब कुराहरुको पर्वाह नगरी काममा निकै लगनशिल भएर अन्य पुरुष सार्थीहरु सरह नै उनले तालिम पुरा गरिन् । तालिम पश्चात सबै साथीहरुले विभिन्न कम्पनिहरुमा काम पनि पाएको देख्दा उनी निकै हर्षित छिन् ।

अहिले उनी काम गर्ने सस्था ग्वार्को स्थित जेन्युयन इन्जिनियरिङ्ग वर्कसपमा एक्लै कार्यरत छिन् । तर काम गर्ने बानी परिसकेकोले होला, उनलाई म एक्लै महिला भन्ने कहिल्यै लागेन रे। साथीहरु विभिन्न संस्थामा काम गरिरहेका भए पनि बेला बेला भेटघाट र कामको बारेमा पनि कुराकानि भै रहन्छ रे । उनले मासिक ६ देखि ८ हजार सम्म आम्दानी हुने बताउछिन्। कुनै चिजलाई हेरेर फलामलाई लेथ मेसिनबाट त्यस्तै पिस निकाल्ने उनको कामले ग्राहक सन्तुष्त बनाउन सकेको कुरामा उनी गर्व गर्छिन् । भविष्यमा भने उनी सरकारी सेवामा प्रवेश गर्ने ईच्छा रहेको बताउछिन् ।

अन्तमा उनी भन्न भन्दछिन् "यहाँसम्म आई पुग्न सहयोग गर्नु भएकोमा कादुरी संस्था, शिक्षालयका कर्मचारी, निकै मिहेनतका साथ सिकाईदिनु हुने प्रशिक्षकहरुमा आभार व्यक्त गर्न चाहन्छु ।

# प्राविधिक सीपका माध्यमबाट रोजगारी

धादिङ्ग, गोगनपानीगा.वि.स. वडा नं. ६ निवासी २३ वर्षिया चन्द्रवतीप्रजाले जीवनमा हातमा औजार लिएर अटो मेकानिक बन्छु भन्ने सपनामा समेत सोचेको थिएन् । उनको परिवारमा हजुर बुबा, बुबा आमा, दाई भाउजु, भाईबुहारी र भतिजा भतिजीहरु गरि जम्मा ११ जना सदस्य छन् । परिवारमा दाजु एक्लैले घर व्यवहार बच्चाहरुको पढाई खर्च जुटाउन सजिलो थिएन । त्यहि भएर आफैले केहि गर्नु पर्छ भन्ने सोच उनलाई लाग्थ्यो। त्यतिकैमा चेपाङ्ग संघ धादिङ्गको सिफारिसमा फिनल्याण्ड राजदुतावासको सहयोगमा युसेप नेपालद्वारा संचालित तालिम कार्यक्रममा सहभागि हुन काठमाडौ आउदा अन्य साथीहरु जस्तै सिलाई कटाई तालिम लिने सोच बनाएकी थिइन । काठमाडौ आईपुग्दा उनलाई निकै अचम्म लाग्यो । बाटोमा उनले महिला सवारी चालकहरुले गाडी हुईकाउदै गरेको देखिन्। पहिले त कस्तो केटी मान्छे जस्तै दखिने ड्राइभर भन्ने ठानेकी थिइन्। तर नियालेर हेर्दा पो पत्ता लाग्यो, उनी त महिला नै थिइन। उनलाई हासो लाग्यो। अनि बाटो भरि महिलाले कसरी गाडी हाक्न सकिन् होला भन्ने सोच्दै युसेप पुगिन् । बाटोमा उनले धरै महिलाहरुले गाडी र टेम्पो हाकेको देखिन्। भोली पल्ट उनले



अफिसको समयमा होस्टलको झयालबाट बाहिर हेर्दा उनलाई झन अचम्म लाग्यो । त्यहाँ त महिला प्रशिक्षकद्वारा तालिम दिइरहेको र पुरुष व्यक्तिलाई ड्राइभिङ्ग तालिम सिकाउदै गरेको उनले देखिन्। त्यसपछि उनलाइ सिलाइ होइन गाडि चलाउने तालिम लिन र ड्राइभिङ्ग गर्ने रहर जागेछ। पहिला त कसलाई भन्ने र कसरी भन्ने भनेर सोचमा परिछन्। केहि समय पछि विस्तार त्यही महिला प्रशिक्षक कहाँ पुगिन र सोधिन् के मैले पनि तालिम लिन सक्छु ? ति महिला प्रशिक्षकले खुसी हुँदै तालिममा आउन सक्ने बताए पछि उनी पछाडी फर्किनन्। अटो मेकानिक तालिम नै रोजिन् । सुरु सुरुमाअफिसका केहि कर्मचारी र प्रशिक्षकहरुले ठिक गर्‍यौ तिमिले भनेपनि ट्रेडमा अन्य केहि साथीहरुले तालिम लिएर पछि के गर्छौ तिमि ? केटा मान्छेले त काम नपाउने, पाए पनि काम गर्न गाह्रो हुन्छ, भन्नेहरु पनि थिए। तर यी सबकुराहरुले उनलाई छोएन र तालिममा सहभागि भएरै छोडिन् । तालिमको दौरानमा उनी निकै लगनशिल भै तालिममा सहभागि भईन र तालिम संगसंगै जिवनपयोगी शिक्षा, तालिम र रोजगार सम्बन्धि विभिन्न छलफल कार्यक्रमहरुमा सहभागी भइन् । जुन कुराहरुले तालिम पछि रोजगार पनि पाउने कुराले उनि अझ उत्साही भइन्। तालिमकै दौरानमा कार्यगत तालिमको लागि ललितपुर स्थित निश्चल अटो सेन्टर पठाइयो । तालिम पनि अत्यन्त राम्रो भयो। गाडि बनाउन आउने गाडी धनीहरुले उनले गरेको काममा कहिलै खोट देखाएन्न। उनि निकै खुसि भईन। तालिम पुरा भयो र शिक्षालयकै सहयोगमा पुन रोजगार को लागि महाराजगंज स्थित मेघा मोटर्समा र ोजगारको अवसर प्राप्त भयो । निकै खुसीका साथ उनले त्यस ठाउँमा पनि काम गर्ने थालिन् । उनले रोजगारको अवसर खोज्न सिकि सकेकि थिइन् । हालउनी ज्ञानेश्वर स्थित पेरोडुवा प्रा.लि.मा कार्यरत छिन्। हाल उनी आफ्नो पेशा संग निकै खुसि छिन् । चन्द्रा सबै भन्दा पहिले पैसा कमाएर दाजुलाई विदेश पठाउन सहयोग गर्ने सोचमा छिन् । भविष्यमा आफ्नै जिल्लामा एउटा वर्कसप खोल्ने पनि उनको सपना छ ।

# "मेहिनतको फल मिठो हुन्छ"

न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम युसेप नेपालको बारेमा मैले धेरै बताई राख्नु पर्दैन । सकसमा परेका बालबालिकाका लागि सुरु गरेको यसका कार्यक्रमहरुमा न्यूनतम सुविधा विहीन लगायत सुविधा विहीन भनि हाल्न नमिल्ने समूहहरुको पनि सहभागिता रहदै आएको छ । सामान्य किसान परिवारमा जन्मिएको म अजय राज पंडित पनि यसै समूह भित्र पर्ने एक युवक हुँ । सानैदेखि पढाईमा रुची राख्ने, सधै गृह कार्य गर्ने भएकोले शिक्षकहरुको प्रिय विद्यार्थीमा पर्थे म । त्यही भएर एस.एल.सी पनि राम्रै अंकले उत्तिर्ण भए । त्यतिबेला नै महसुस भयो कि मेहेनतको फल मिठो हुने रहेछ जसले गर्दा थप मेहिनत गर्न प्रेरणा मिल्यो । र त्यसैगरि मेहिनत गर्दै १०+२ र त्यस पछि स्नातक तहको पहिलो र दोस्रो वर्ष पनि राम्रैसंग पास गरे । स्नातक तहको तेस्रो वर्ष अध्ययन गर्दै गर्दा अचानक अध्ययन पछि के गर्ने भन्ने सोच मनमा लाग्यो । अब त केहि गर्ने बेला आयो भन्ने सोच्दै थिएँ । एकाएक सानोठिमी प्राविधिक शिक्षालयको तालिम सम्बन्धि विज्ञापनमा आखा पऱ्यो । त्यसमा विभिन्न रोजगारमूलक प्राविधिक तालिमहरुको बारे जानकारी दिइएको थियो । आफू सानै देखि आफ्नो साइकल आफै बनाउने र त्यसमा आफूलाइ सन्तोष मिलेकोले गर्दा मन मनै अटो मोबाइल मेकानिकको तालिमले अलि बढी आकर्षित गर्‍यो ।

स्नातक तहको अन्तिम परीक्षा पछि मेरा धेरै साथीहरु विभिन्न ठाउहरुमा काम गर्न थाले । म भने विरगंजबाट सिधै प्राविधक तालिम लिने नै मनसायले बुबा दाजुहरुसंग सल्लाह गरेर काठमाडौं आई पुगें । तालिम लिन आउने अन्य प्रशिक्षार्थीहरु विभिन्न सामाजिक, भौगोलिक र आर्थिक स्तर थिए । सबै जनालाई एकै ठाउमा राखेर पढाउने देखेर सुरु सुरुमा त तालिमको कक्षाहरु अलि अनौठो लाग्यो । तालिम पुरा गर्नै पो सकिदैन कि भन्ने पनि कता कता लाग्थ्यो । तर पछि ति सब कुराको वेवास्ता गर्दै तालिम तिर मात्रै मन लगाउन थालें । तालिमको समय भन्दा बढि समय बिताएर पनि प्रशिक्षकहरुसंग सिक्न थाले । तालिम राम्रै संग चल्दै थियो त्यस्तैमा तालिम पछि वर्कसपमा गएर काम गर्न सकिएला वा नसकिएला भन्ने मनमा चाहि लागिरहयो । जति सिक्यो उति बढी सिक्ने रहर लाग्न थाल्यो र सोचे तालिमको समयपछि कुनै वर्कसपमा काम गर्ने मौका पाए अझ बढि सिक्न पाउने हो कि । यसै क्रममा ६ महिना वितेपछि, र गाडिको बारेमा सामान्य थाहा पाए पछि शिक्षालयकै नजिक रहेको मारुती सुजुकीको डिलर्समा काम सिक्ने अवसर पनि पाए । शिक्षालयमा १० देखि १ बजेसम्मको शैद्धान्तिक र प्रयोगात्मक तालिम पछि, पुन त्यही वर्कसपमा गएर काम गर्थे । निकै मेहेनत गरेको देखेर वर्कसपको साहुले खुसी भएर दैनिक ५० रुपैया खाजा खर्च पनि दिनथाले जसले काम गर्न र सिक्न थप प्रेरणा दिन्यो । काम गर्ने क्रममा कति दिन त खाजा खान पनि भुल्थें । यसरी काम गर्दा गर्दै तालिमको अन्तिम तिर सम्ममा गाडीको रनिङ्ग कामहरु पनि गर्ने सक्ने भैसकेको थिए । आफुले शिक्षालयमा सिकेको कुरा वर्कसपमा काम गर्ने साथीहरुलाई पनि सिकाउन थालें । त्यसले गर्दा सबै साथीहरुसंग निकै राम्रो सम्बन्ध रहृयो । त्यहि क्रममा अन्तिम परिक्षामा पनि आयो । परिक्षाको लागि त्यस वर्कसपबाट विदा लिए र परीक्षामा सामेल भए । एक हप्ता पछि परिक्षाको नतिजा प्रकाशित भयो । नतिजा देखेर मलाई निकै खुसी र सन्तोष लाग्यो । म सबै प्रशिक्षार्थीहरु मध्ये प्रथम भए । सबै साथीहरु र प्रशिक्षकहरुले बधाई दिए । यो खबर मैले परिवारमा पनि सुनाए । बहाँहरु निकै खुसी हुनु भयो । त्यहि बेला मलाई रोजगार ईकाईबाट सन्जु म्यामले फोन गर्नु भयो । मलाई EICHER Company मा रोजगारको लागि सिफारिस गर्नु भएको रहेछ । म लगायत अन्य १० जना साथीहरु अन्तरवार्ताको लागि गए । केहि दिन पछि पुन म्यामले फोन गर्नु भयो । म त्यस अन्तरवार्तामा पनि छनौटमा परे । १० मध्ये ४ जनाको नाम सफल भएको रहेछ । जसमा मैले आफ्नो नाम पहिलो नम्बरमा पाए । मनमनै गदगद थिए । मैले गरेको मेहेनतको परिणाम हो यो भन्ने पनि लाग्यो ।

केहि दिनमै कम्पनिबाट Appointment Letter पनि आयो । त्यस दिन म धेरै खुसि भए । त्यसको भोलि पल्ट देखि नै छनौटमा पर्ने चारै जनाले Eastern Motor P Ltd मा जुनियर अटो मेकानिक पदमा काम पाए । काम गरेको तीन महिना पुरा भयो । त्यसपछि अर्को खुसीको कुरा पनि मैले अनुभव गर्न पाएँ । मेरो सोही कम्पनीको लागि



Spares Executive पदमा मेरो प्रमोशन भएको रहेछ । मैले आफ्नो तालिम शिक्षा र अनुभव अनुसार काम गर्ने अवसर पाएकोमा म निकै खुसी छ ।

अन्तम, म आफ्नो साथीहरुलाई भन्न चाहन्छु, समय खेर नफालौं । समयको सदुपयोग गरौं । समयलाई सदुपयोग गर्न जाने एक दिन अवस्य जिवन उज्यालो ल्याउछ । मिहेनत गरे पछि फल पनि त्यस्तै पाइदो रहेछ ।

अजय राज पण्डित

प्रशिक्षार्थी, अटोमोवाइल मेकानिक

## छोरीको आवाज

अधुरो यो मेरो ससार शिक्षाले भरिपूर्ण बनाइदेउ
अध्यारो यो मेरो जीवन शिक्षाको ज्योतिले सजाईदेउ
अहिले पढे, गुणे पो भोलिको दिन उज्यालो
पढ्न, लेख्न पाउनुपर्छ यो मेरो अधिकार ।

छोरा र छोरीमा यो कस्तो भेदभाव
छोरालाई पोशीलो खानाको आहारा
भने छोरीलाई बासी रोटीको साहारा
छोरालाई कलम ,कापी र कितावको जीवन
भने छोरीलाई डोको नाम्लो र हसियाको जीवन ।

शिक्षाको अभावले लिन्छ मेरो ज्यान
आमा मलाई पनि पढाइदेउ न पाठशाला
अरुले नबुझे पनि जन्मदिने बा, आमाले बुझिदेउ
बिन्ती छ बा, आमा यो दुःखी छोरीको आवाज सुनिदेउ ।

अध्यारो यो कोठामा विजुली बत्ति चम्काईदेउ
खाली यो हातमा कलम र कापी ठमाइ देउ
नबनाउनु मलाई शिक्षाको बेसाहारा
नयाा काम गरी बन्नेछु देशको साहारा ।

रीता श्रेष्ठ,
प्रशिक्षार्थी, ड्राफटीङ्ग ट्रेड



नाङ्ले भारे गा.वि.स. ५, काठमाण्डौंमा वि.सं. २०४० सालमा जन्मेका मुकुन्द दाहाल युसेप नेपालद्वारा संचालित सानोठिमी प्राविधिक शिक्षालय कै एक प्रशिक्षार्थी हुन् । १ वर्षे जनरल मेकानिक तालिमबाट प्राप्त सीपले उनको जिवनमा भएको परिवर्तनका बारेमा उनीसंग गरिएको अन्तरवार्ता ।

### तपाईको बारेमा केही बताईदिनुस् न ?

सामान्य किसान परिवारमा जन्मिएकोले मेरो बाल्यकाल सामान्य अवस्थामै वित्यो । बुवा आमाको ५ जना छोरा र २ जना छोरी मध्ये म कान्छो सन्तान हुँ ।

### तालिमका बारेमा कसरी थाहा भयो ?

भरखरै एस.एल.सि. दिएर बसेको थिए । अब केहि गर्नु पर्छ भन्ने सोच्दै थिए । पत्रिका हेर्दै गर्दा सानोठिमी प्राविधिक शिक्षालयको भर्ना सम्बन्धि विज्ञापनमा आखा पर्‍यो । विभिन्न तालिमहरु मध्ये जनरल मेकानिक भन्ने विषय कस्तो होला भन्ने लाग्यो । सोचे यस विषयमा तालिम लिन पाए सबै चिजहरु बनाउन सकिन्छ होला । त्यसैले तुरुन्त दिइएको ठेगानामा टेलिफोन गर्दै शिक्षालयसम्म आए । थप जानकारी पनि प्राप्त गरे र आवश्यक प्रक्रिया पुरा गरी तालिममा सहभागि भए ।

### तालिम कस्तो रह्यो ?

त्यो समयमा प्राविधिक तालिमको बारेमा खासै थाहा पनि थिएन । तर पनि जनरल मेकानिकले जे पनि बनाउन सक्छ भन्ने लागेको थियो । तालिम कक्षको ठुला ठुला मेसिन देख्दा निकै धेरै सोच्न पुगें र अन्तमा तालिम सोचे जस्तो नै भयो । काम गर्नको लागि आवश्यक आधार र आत्मविश्वास तालिमले प्रदान गर्‍यो ।

### तालिम पश्चात के गर्नु भयो ?

तालिमकै अवधिमा अन द जब तालिमको लागि मलाई भक्तपुर स्थित शाक्य ईन्जिनियरिङमा पठाइएको थियो । जहा मेकानिकल लगायत वेल्डिङ्का कामहरु हुने गर्दथ्यो । त्यस पछि मलाई वेल्डिङ प्रति पनि चासो लाग्यो । त्यतिकैमा मेरो एस.एल.सी.को रिजल्ट पनि आइसकेको थियो । उच्च शिक्षा हासिल गर्ने सोचले मैले चावहिल स्थित ओम ईलेक्टिकल्समा काम गर्न थालें । त्यस ठाउमा मैले सिकेका सबै क्षमताको प्रयोग गरें र वेल्डिङको काममा पनि आत्मविश्वास वढ्दै गयो । कामको अनुभव हासिल गरिसकेपछि सि. टि. ई. भि. टि. को तह ३ सम्मको सीप परीक्षण परीक्षा पास गरें । काममा झन झन जाँगर पलाउँदै गयो गर्दा कार्यदक्षता वढ्दै गयो र त्यसैको आधारमा विदेश गएर मेकानिकल सुपरभाइजरको रुपमा काम गर्ने अवसर पाएँ । विदेशमा काम गर्दा युसेपले दिएको आधारभुत सीपले मलाई ठूलो साहारा दियो ।

### हाल के गर्दै हुनुहुन्छ ?

मैले जुन सीप सिके त्यसैलाइ निरन्तरता दिर हेको छु । करीव ३ वर्षको वैदेशिक रोजगारीपछि हाल नेपालमा मैले एउटा प्रतिस्ठित निर्माण कम्पनीको साझेदारीमा ईलेक्टिकल फेव्रिकेटर प्रा. लि. नामक कारखाना चलाइरहेको छु जसमा १२ जना कर्मचारी कार्यरत छन् ।

### अन्तमा केही भन्न चाहनुहुन्छ ?

आजकल पढाइमात्र भएर नपुग्ने रहेछ । हातमा सीप चाहिदो रहेछ । म अहिले सम्झन्छु कि मैले त्यो समयमा तालिम लिने भनी वनाएको सोच सही रहेछ । तालिमवाट प्राप्त सीप र क्षमाताको कारणले म आज यो स्थानमा छु । यसका लागि म युसेप नेपालप्रति कृतज्ञन छु । प्राविधिक सीप भएको व्यक्ति वेरोजगार भएर वस्नु पर्दैन रहेछ र यो सीप संसारको हरेक कुनामा काम लाग्ने भएकोले यस्तो रोजगारमूलक तालिम प्रदान गर्ने युसेप नेपाललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

## अटुट नाता



मेरो गहिरो र अटुट नाता छ । युसेप नेपालसँग किनकी आज म जुन स्थिति र अवस्थामा छु सो मा युसेप-नेपालद्वारा संचालित सानो ठिमी प्राविधिक शिक्षालयको देन हो । आज म नेपालकै एक प्रतिस्थित कम्पनी स्याकार ट्रेडिङ्ग प्रा.लि अन्तर्गत होण्डा सर्भिस डिभिजनमा एरिया इन्चार्जको रुपमा कार्यरत छु ।

युसेपले हामीजस्ता युवा तथा बेरोजगार व्यक्तिहरुलाई सीपमुलक तालिम दिई दक्ष जनशक्तिको रुपमा तयार पारिरहेको छ र रोजगार पाउनको लागि पनि ठूलो सहयोग गरि रहेको छ । सहुलियत शुल्कमा त छदैछ युसेप नेपालले छात्रवृत्तिको रुपमा पनि तालिमको व्यवस्था गरेको छ । युसेप नेपालले धेरै युवाहरुलाई सीपमुलक तालिम दिई वेरोजगारीबाट मुक्ति दिलाएको छ र आफ्नो खुट्टामा उभिन सक्ने गरि सक्षम बनाएको छ । जसको लागि सवैले युसेप नेपाललाई मनबाट नै धन्यवाद दिईरहेको छ ।

युसेप नेपाल हामी जस्ता युवाहरुलाई सीपमुलक तालिम दिनको लागि नै स्थापना भएको एक नाफा रहित संस्था हो । जसले विगत लामो समय देखि धेरै जनाको उद्वार गर्दै आईरहेको छ । आज यो संस्थानबाट तालिम प्राप्त गरेको प्रशिक्षार्थीहरु विभिन्न स्थानमा रही आफ्नो दक्षता तथा सिप प्रस्तुत गरिरहेका छन् । प्रहरी, आर्मी, सशस्त्र प्रहरी, होण्डा, हिरो होण्डा, यामाहा, बजाज, सिप्रदी लगायतका ठूला ठूला प्रतिस्थानहरुमा कार्यरत छन् भने काही आफ्नै अफिस स्थापना गरि बसेको छन् । युसेप नेपालको नाम उनीहरुसागै चम्किरहेको छ ।

युसेप नेपालले पछि पनि यस्तै कार्यहरुलाई निरन्तरता दिदैं जाओस् र आफ्नो कमि कमजोरीहरुलाई सु धार्दै जाओस् । यही नै मेरो शुभकामना छ युसेप नेपाललाई ।

राजु न्हेम्हाफुकी, होण्डा सर्भिस डिभिजन एरिया प्रतिनिधि)

"सीप सिकौं आत्म-निर्भर बनौ "

# प्रविधिमा जीवन

"तेरो त जीवनको लयनै छुटी सक्यो" । कसैले भन्यो मलाई ।

"अरे के कुरा गर्छौ । समातेको नै कहाँ थियो र छुट्नलाई । बरु बल्ल पो म यो लय बुझ्दै छु" । मैले प्रष्ट्याए ।

कसरी प्रश्न खडा भो ।

"तिमी १६ औं शताव्दीको सोच (विचार) लिएर २१ औं शताव्दीमा जन्मन्छ्यौ" । अनी कता बाट बुझ्छौ त यस्ता कुरा । अहिलेको जीवनको लय त प्रविधीमा पो छ ।

कता देख्यौ तिमीले? कसले भन्यो तिमी लाई ?

"आखा खोलेर हेर देख्छौ, सुन्ने प्रयत्न गर यसकै (प्रविधी) गित गुञ्जिका छन । चारैतिर ।" सायरको भाषामा मैले भने ।

"क्याबात यार" ।

"साच्चै मैले कसरि देखे ? कसरि सुने ? तर मैले खेखे, मैले सुने । के म आफैमा विश्वास गर्न सक्छु त ? लयमा दामैडियको हो त म ? विश्वाश र अविश्वाशको लडाइ (अर्न्तद्वन्द्व) चल्न थाल्छ । भित्र कता-कता ।

हरेक दिन चन्द सर (जनरल मेकानिक ट्रेडका मुख्य प्रशिक्षक) ले आशा र विश्वासको रोटी बाड्दै पढाउन, सकिाउन सुरुवाट गर्नु हुन्छ । मेशिनमा बनाउनु पर्ने कार्यवस्तुको चित्र कोर्नु हुन्छ । ९० डिग्री, १८० डिग्री आदी, इत्यादी भन्दै । बल्ल जीवन ३६० डिग्री बाट ९० (समकोण) डिग्रीमा आएको (ढल्केको) आभाष हुन्छ । मनमनै आभाष हुनु पनि ठुलो कुरो होइन र मेरो लागी ?

Lathe (लेथ) मेसिनको चक घुमेजसरी घुम्थ्यो मन अन्योलको भुमरिमा, मन त आज पनि धुम्छ, तर अन्योलको भुमरीमा होइन ।

राइट दाजुभाइले पनि लेथ मेसिन चलायका थिय, यही मेसिन चलायर त उनीहरुले हवाइजहाज बनाए । चन्द सरले lबतजभ (लेथ) मेशिनको ऐतिहासिक महत्व दर्शाउनु भो ।

गर्वले मन ढुक्क फुलेर आयो, म पनि लेथ मेसिन चलाउछु ।

"प्राविधिक काममा प्रफेक्ट (दक्ष) भएमा पैसा र कामको नो टेन्सन यार" सविन्द्र दाइले भन्यो ।

दाईको कुरा सुनेर लाग्यो भविष्यको बाटो सहज र उज्याले छ । ढुक्क हुन्छु म आफैमा । सविन्द्र दाइ जो संग -Mechanical_ मेकानिकलको अष्ट्रेलियन भनुभवको भारि छ । अनि उसको कुरा कसरी नपत्याउनु त हो ।

साच्चै यो गुण त प्रविधिको अनुपम उपज (परिणाम) पो हो त, प्रविधि बिना त जीवान अधुरो अपूर्ण छ ।

म त पूर्ण छु जस्तो लाग्यो, मेरो सौभाग्य हो म प्राविधिक संग जोडिएको छु । नछुटिने गरि ।

"फलामको काम गर्छौ भनेर गर्ल फ्रेन्डले ब्रेकअप गरी । उसलाई देखाउनलाई भए पनि म यहि काम गरेर जीवन सफल बनाउछु" । सविन्द्र दाइले दुःखद प्रेम कथा सँगै प्रण सुनाय आफ्नो ।

"सरकारले प्राविधिक शिक्षाको महत्व बुझाउन सनक्नुको (प्राविधिक शिक्षा नदिनु) को परिणम हो यो" गौगमले विश्लेषण गरे ।

"तपाइको गर्ल फ्रेन्ड यथास्थिती बादी सोचको रहेछन दाई", मैले भने ।

"प्राविधिक सीप लिएर तपाइ बेरोजगार हुन्छु भन्ने सोच्दै नसोच्नुहोस । किन कि प्राविधिक शिक्षा एकदमै थोरैले लिन्छन तर प्रविधिको भर पूर उपयोग सबैले गर्छन ।

"नेपालमा भन्दा बाहिर राम्रो कमाई पनि छ दाम छ नाम छ । विचारहरुका स्वर गुञ्जीन्छन ।

"होइन नेपालमा अझै झन राम्रो छ । नेपाल बल्ल विकासको बाटोमा पाईला चाल्दैछ अब पो नेपाललाई प्राविधिकको आवश्यकता छ" । कसैले देश प्रेमको स्वर फ्याक्यो ।

"ए त्यहि भएर होला नेपाल प्रहरीबाट पनि हामिसंग सीप (प्राविधिक) सिक्न आएका" (पठाएको) मैले सोचे

"बल्ल सरकारको घैटोमा घाम लागे जस्तो छ" ।

बेरोजगार युवाले बालुवाटार घेरे" पत्रिकाको हेडलाईन थियो । प्राविधिक सीप सिकेको भए अहिले बालुवाटार होइन अहिलें ध्यचपकयउ ( कार्यशाला) मा हुथ्यो होला केटाहरु गर्न सकेमा धेरै छ केटाहरु यसमा मैले पढाएका केटाहरु अहिले कोहि ब्रिटिस दुतावसमा काम गर्छन कोही विधुत प्राधिकरणमा छन । अझ ३ (तिन) तह पास गर्न सकेमा त युरोप जाने मौका पनि पाइन्छ । राजन सरले युरोपको सपना बाडनु भो

वेल्डीङ्गको कक्षामा प्राय जसो मैले कहिल्यो आफैले काम गरेर देखाइन अर्कैको कार्यवस्तु देखाय । सरले पहिचान (चिन्नु) गर्नु भएन वा, गर्न खोज्नु भएन । आफैलाई ढाटे मैले ।

किन आजकाल तपाईहरु कामै गर्दैनौ ह ?" किन अल्छी भएको तपाईहरु ?" चन्द सरले सोध्नु भो । बत्ति नै हुदैन । यस्तो झल्याक झुलुक बत्तिमा काम गर्न मनै लाग्दैन के गर्ने । सबैको सामुहिक आवाज थियो ।

ओ बत्तिको कुराले याद आयो चन्द सरले पढायका पुराना केटाहरु टर्बायन बनाउने उद्योगमा काम गर्छन रे । सरले भन्नु भाको । ग्ङभ्ए को कार्यलय भित्र पत्रिकाको कटिङ्ग टासियको छ । प्रविधि तर्फ तन्नेरी पाइला

भविषय सुरक्षित छ, चाडै प्रगती गर्न सकिन्छ आदि इत्यादी लेखिएको छ ।

साथिहरु र सर मिलेर जाडोमा खासा धुम्ने जाने योजना बनाईयो । के के लाने, कति लाने कति पैसा जम्मा गर्ने निर्क्योल गरियो । जाडो गयो, गर्मि लाग्यो तर खासा जाने दिन आएन । खासा जाने मन मेसिनले च्यापेर राखे जस्तो लाग्यो । प्रविधि प्रति यति धेरै लगाव देखेर खुसी लाग्यो ।

"१५ बर्ष भो म यहा पढाउन थालेको पहिला विद्यार्थी खोज्न जानु पर्थ्यो, अहिले विद्यार्थी आफै खोज्दै आउछन" ।

चन्द सरले सयम अन्तरालको भनुभव सुनाउनु भो ।

प्रविधि मा जिवन हो प्रविधिले धेरै ठुलो फडको लगाइ सक्यो । जीवन सहज र सुगम बनाइसको छ । हरेक क्षेत्रमा प्रविधि छ ।

प्रविधिको उपयोग (उपभोग) सबैले गर्दछन तर हामिले प्रविधि श्रृजना गर्नु पर्छ । उपभोग्य प्रविधि निर्माण गर्नु पर्छ ।

सरले प्राविधिकको विशेषता बताउनु भो ।

"यस शिक्षालय बाट सीप सिकेर गएका सबै विद्यार्थीले प्राविधिक शिक्षा र ग्ङभ्ए को ईज्जत धानेका छन । तपाइहरु पनि धान्नु होला भन्ने आशा गर्दछु ।

प्रविधिको साख जोगाउनु पर्छ, प्रविधिलाइ जीवन उपयोगी बनाउनुहोस्, सबैको मान र हुन्छ, भन्नु हुन्छ हाम्रो सर ।

सविन्द्र दाइ जसले प्रण नै गरेका छन जीवनको उचाई प्रविधीमा जोडछु भनेर । गौतम जो प्राविधिक शिक्षा लिनकै लागि दुवै वाट नेपाल आए । प्रहरी साथीहरु जसको संगठनले प्रविधीको आवश्यकता महसुस गरी यहा पठाएको छ । के तिनीहरुले यो सिप र शिक्षाको सम्मान र प्रयोग नगर्लान ? अनी म जो समयको जातोमा पिसिएर प्राविधीक शिक्षाको सरणमा आई पुगेको मान्छे ।

सागर चन्द,
प्रशिक्षार्थी, जनरल मेकानिकल ट्रेड

# युसेप संगको सहकार्य

भक्तपुरको पुरानो ठिमीमा अवस्थित न्यूनतम सुविधा विहिन बालबालिकाहरुका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपाल (UCEP-NEPAL) नामको संस्था एक गैर नाफामुखी एवं बालबालिकाका लागि प्राविधिक सीप, स्वरोजगार लगायत सेवा प्रदान गर्ने संस्था हो। यस संस्थाले आफ्नो नाम अनुसारनै अति विपन्नताका कारण देशका विभिन्न क्षेत्रमा रहेका अध्ययन र जीविकोपार्जनको अवसरबाट वन्चित भएका, द्वन्दपिडीत, अभिभावक विहिन बालबालिकाहरुलाई आफ्नो संस्थामा ल्याएर उनीहरुको उमेर, अवस्था र रुची अनुसार संस्थाले प्रदान गर्ने विभिन्न विषयका तालीमहरुमध्येबाट छनोट गरी कुनै एक विषयमा सैद्धान्तिक तथा व्यवहारिक सिप प्रदान गर्दछ। यसका लागि संस्थाको आफ्नै भवन, प्रयोगशाला, अध्ययन कक्ष, बस्ने होस्टेल आदिको व्यवस्था गरिएको छ। यस संस्थाबाट छोटो तथा लामो अवधिको एक दर्जन भन्दा वढी विधा र विषयमा तालीम प्रदान गर्दछ।

यस संस्थामा अटोमोबाईल मेकानिक देखि सिभिल ईन्जिनीयरिङ जस्ता तालिम प्रदान गर्दछ। ती विषयहरुमा तालीम प्रदान गरी सिंप सिकिसकेका प्रशिक्षार्थीहरुलाई युसेप व्यवस्थापनले सम्बन्धित क्षेत्रमा समन्वय गरेर रोजगारी दिलाउने प्रयत्न गर्दछ। रोजगारपछि पनि तिनीहरुको कार्यशैली, क्षमता अनुशासन, रोजगार प्रदायक संस्था तथा व्यक्तिसँगको सम्बन्धबारे जानकारी लिने, अनुगमन गर्ने र केही समस्या भएमा रोजगार दातासाग समेत सम्पर्क गरी समस्या समाधान गर्ने प्रयत्न गर्दछ।

यो पक्तिकारपनि युसेप नेपालबाट तालीमप्राप्त गरेका एक दर्जनभन्दा वढी युवाहरुलाई रोजगार प्रदान गरीरहेको व्यक्तिको नाताले युसेपसाग भावनात्मक सम्बन्ध कायम रहेको छ। म आफू मुद्रण पेशासाग सम्बद्ध व्यवसायीका नाताले युसेपमा छपाईसम्बन्धी तालीम लिएका युवाहरु अहिले पनि म आबद्ध छापाखानाहरुमा काम गरिरहेका छन्। युसेपको सीमित साधन, श्रोत र सेवा सुविधाका कारण उच्च दक्ष सीप प्रदान गर्न नसकेतापनि आधारभूत सीप दिएर बजार मा उभिन सक्ने र विक्न सक्ने गरी सानै संख्यामा भएपनि जनशक्ति उत्पादन गरिरहेको छ। यस्तो जनशक्ति स्वदेश र विदेशमा समेत कार्यरत छन्। विगत ५ वर्ष देखि सामान्य हेल्परका रुपमा प्रवेश गरेका युवाहरु अहिले राम्ररी मेशिन चलाउन सक्ने सक्ने बनेका छन्। प्राविधिक सीपसागै अनुशासन र लगनशीलताको पाठ सिकेका यी युवाहरु बजारका अन्य कोरा युवाहरुभन्दा बढी मेहनती र अनुशासित छन्। अत्यन्तै न्यून साधन, श्रोत र पुर्वाधारका वावजुद यति धेरै विषयमा युवाहरुलाई सीप सिकाई रोजगार प्रवर्द्धन गरेकाले यस संस्थालाई सन् २०१२ को International Project Management Association (IPMA), Project Excellence Award यस संस्थालाई र IPMA Young Project Manager Award पुरस्कार यसै संस्थाका कार्यक्रम संयोजक श्री सुवास सुवेदीलाई समेत प्रदान गरिएको छ। उक्त पुरस्कार छनोट गर्ने कार्यमा नेपाल आएका विभिन्न देशहरुको प्रतिनिधिसँग रोजगारदाताको हैसियतले छलफल र अवार्ड जितेपछिको शुभकामना आदान प्रदान कार्यक्रममा समेत यो पंक्तिकारको उपस्थितिले गर्दा युसेपका गतिविधिहरुलाई अलिक नजिकबाट हेर्ने अवसर मिलेको छ। विश्वका ५५ वटा देशका विभिन्न संस्थाहरुबाट नेपाल छनोट हुनु निश्चयनै युसेपको लागि मात्र नभएर नेपाल र नेपाली कै गौरवको कुरा हो।

युसेपले आफूले प्रदान गर्ने सीपका विषय, विधा र क्षेत्र बढाउन तथा अझै स्तरीय सीप प्रदान गर्न सरकार तथा स्वदेशी एवं विदेशी दातृ निकायसाग समन्वयगरी आय र पूर्वाधार थप गर्न जरुरी देखिन्छ। त्यसैगरी आफूले सीप सिकाएका व्यक्तिहरुको तालीम पूरा गरी गएपछि तिनीहरुको अवस्था के छ ? कतिले रोजगारी पाए? कति उद्यमी बने? र तिनीलाई थप कुन स्तरको तालीमको आवश्यकता छ भन्ने विषयमा अनुगमन अद्यावधिक गर्न सके संस्था र प्रशिक्षार्थीको प्रभावकारीता बढ्ने थियो।

कम्प्युटर अपरेटर, कम्प्युटर हार्डवेयर तथा सटवेयर एवं व्यवस्थापन सम्बन्धी विधा समेत थप गरी तालीम प्रदान गर्न सके युवा सहभागिता अरु बढ्ने र रोजगार प्रवर्द्धनमा थप मद्दत पुग्न जानेछ।

न्युजिल्याण्डको नागरिक एलान चेनीले सन् १९७२ मा बंगलादेशको राजधानी ढाकामा युसेपको स्थापना गरी सीप र रोजगारका क्षेत्रमा प्राप्त सफलताको प्रेरणावाट सन् १९७८ मा नेपालमा स्थापना भएको यस संस्थाले अझै सफलताको शिखर चढ्दै जाओस। युसेप सुभेच्छुकहरुको तर्फबाट नव वर्ष २०७० को शुभकामना।

वासुदेव ढकाल,

प्रोप्राइटर, सोपान प्रेस प्रा.लि.

## मेरो नेपाल

पूर्वको मेची मेरो पश्चिमको महाकाली मेरो
उत्तरको हिमाल मेरो दक्षिणको तराई मेरो
कल कल बग्ने नदि मेरो
झर झर झर्ने झर्ना मेरो

मुसुक्क मुस्कुराउने ति सेता हिमाल राम्रो
पहाड पर्वत राम्रो ति हरिया वनजंगल राम्रो
घास दाउरा गर्ने जनजीवन राम्रो।
डाडाकाडा नाची हिड्ने मयुरको नाच राम्रो

नसा–नसामा बगिदिने सेती काली सुन्दर
डाडाकाडा खेली हिड्ने डाफे मुनाल सुन्दर
मुसुक्क मुस्सुकराउने मेरै धौलागिरी हिमालसुन्दर
कहिले हासो कहिले आशु मेरै नेपाल सुन्दर।

*रामकुमार चेपाङ*
*शक्तिखोर-२ (चितवन)*
*हाउस वाइरिङ ट्रेड*

## युसेपको माया

मलाई लाग्छ युसेपको माया
गर्न मन लाग्छ युसेपको बयान

मान्छे थरी थरी आउछन् युसेप भरी
युसेपले दिएको गुण बिर्सने छैन जीवनभरी

युसेपमा आई सिप सिक्छ थरीथरी
युसेपको लागिहुन् सबै बराबरी

लिई रहलाग्छ युसेपको गुण
गुन गुनाई रहं लाग्छ युसेपको धुन

सबै भन्दा प्यारो मेरो युसेप
जति टाढा भएपनि बिर्सन छैन युसेप

युसेपले दिएको सीप बिर्सने छैन कहिल्यै
गाउ गाउमा सुनाउनेछु युसेपको गुण मैले।

ममिता गुरुङ (अभागी)
बहाकोट ९,काहले, स्याङ्जा, प्रशिक्षार्थी
ड्राफटस्म्यानसिप, इन्टिरियर डिजायन,

# परियोजना र सानोठिमी प्राविधिक शिक्षालय

न्यूनतम् सुविधाविहिन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप), नेपालले हाम्रो देशका धेरै बालबालिका र युवाहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि ठुलो योगदान पुऱ्याएको छ। यस संस्थाले सुविधाविहिन बालबालिकका लागि प्राविधिक शिक्षा र रोजगारीको सहयोग प्रदान गर्ने अभिप्रायले सन् १९८३ मा स्थापना गरेको सानोठिमी प्राविधिक शिक्षालय नेपालको अग्रणी प्राविधिक शिक्षालय हो जसको स्थापना सिटिईभिटिको स्थापना भन्दा ६ वर्ष अगाडी भएको थियो। यस छोटो लेखमा मैले आफू यस संस्थामा कार्यक्रम संयोजकका रुपमा कार्यरत भएयता र त्यस अघिदेखि हालसम्म निरन्तर संचालित विभिन्न साझेदार, परियोजना र तिनको प्रभावकारिताका बारेमा केही खुलस्त पार्ने जमर्को गरेको छु।

Hands in Outreach Nepal नामक संस्थाले हाम्रो समाजमा विभिन्न कारणले शिक्षा र सीप प्राप्त गर्न नसकेका महिला हरुलाई व्यवसायिक तालिम प्रदान गरेर रोजगारीको अवसरसम्म पुऱ्याउन सन् २००१ देखि सहयोग गर्दै आएको छ। यसका माध्यमवाट ८० भन्दा बढि छात्राहरुले तालिम प्राप्त गरिसकेका छन् भने त्यसको ८० प्रतिशत भन्दा बढी आज विभिन्न रोजगारीमा लागेका छन्। घरेलु श्रमीकका रुपमा कार्यरत, अनाथ तथा सामाजिक रुपमा पिछडिएको वर्गका महिला प्रशिक्षार्थीहरुलाई नेपाली समाजमा पुरुषले मात्र गर्ने कामका रुपमा लिइने मेकानिकल तालिम, सवारी चालक, इलेक्ट्रिकल, प्रिन्टिङ्ग प्रेस जस्ता तालिमले उनिहरुको मात्र नभएर समग्र समाजको दृष्टिकोणमा परिवर्तन ल्याइरहेको छ।

ब्रिटिस गोरखाका भुतपुर्व सैनिक र तिनका परिवार को विकासमा सहयोग पुऱ्याउँदै आएको कादुरी एग्रिकल्चर एड फाउण्डेशन (कादुरी) ले पनि सानो ठिमी प्राविधिक शिक्षालयमा विगत १२ वर्षदेखि आफ्ना प्रशिक्षार्थीहरु पठाउँदै आएको छ। हरेक वर्ष १४ देखि १६ जना प्रशिक्षार्थीलाई यस शिक्षालयमा तालिम प्रदान गरेर ग्रामिण भेगका युवाहरुलाई तालिम र रोजगारीमा सक्षम वनाएको यस साझेदारीले दुवै संस्थाको आपसी सहयोग विस्तार गरेको छ। यसका अलावा विगतमा कम्प्युटर प्रदान गरेको कादुरी ले यसै वर्ष तालिमका लागि पुरानो गाडी प्रदान गरेको छ।

सेभ द चिल्ड्रेन र युसेप नेपालको साझेदारीमा सन् २००७ देखि २०११ सम्म **युवाका लागि शिक्षा, शान्ति र विकासका लागि युवा** नामक परियोजना संचालन गरिएको थियो। यस परियोजनाले द्वन्दका समयमा विद्यालय छाड्न बाध्य भएका बालबालिकाहरुलाई व्यवसायिक तालिम, जीवन उपयोगी सीप र परामर्शका माध्यमवाट समाजमा स्थापित गर्ने उद्देश्य लिएको थियो। आज यस परियोजनाका माध्यमवाट तालिम प्राप्त ४०९ जना युवाहरुमध्ये करिव ३५० जना सरकारी, नीजि र वैदेशिक रोजगारीमा प्राविधिक क्षेत्रमा कार्यरत छन्। मध्य पश्चिम र सुदुर पश्चिम विकासक्षेत्रका अधिकांश ती युवाहरु या त भारतका विभिन्न शहर मा घरेलु कामदार, अदक्ष ज्यामी वा त्यस्तै जोखिमपुर्ण कार्यमा थिए या त देशकै अन्य शहरमा अर्काको घर मा वसेर काम गरेका थिए। कतिपय भने सशस्त्र द्वन्दमा नै लागेका थिए। यस परियोजनाले सानो ठिमी प्राविधिक शिक्षालयमा इलेक्ट्रोनिक्स विषयको तालिम शुरु गर्न, २० भन्दा वढि जिल्लामा आफ्नो समन्वय वढाउन, जीवनोपयोगी सीपलाई व्यवसायिक तालिममा समायोजन गर्न, रोजगारदाताहरुको पृष्ठपोषण लिन र परियोजना व्यवस्थापन सम्बन्धी ज्ञान र सीप लिई त्यसलाई कार्यन्वयन गर्न हामीलाई ठुलो आधार प्रदान गरेको थियो। नवैका युवाहरुले काम गरेर हाम्रो जस्तो विकासशिल देशका युवाको शिक्षामा सहयोग गर्ने Operation Day Work (ODW) Fund को सहयोगमा संचालित यस परि योजना International Project Management Association को Project Excellence Award बाट सम्मानित नेपालको पहिलो परियोजना हो।

Aide Et Action International Nepal र युसेप नेपालको साझेदारीमा सन् २०१० देखि संचालित iLEAD परियोजनाले काठमाडौं उपत्यकाका तिन जिल्लामा रहेका गरिव वस्ती, ग्रामिण भेग, देशका अन्य भागवाट आएका वेरोजगार युवाहरुलाई ४ महिने तालिम प्रदान गरि उनिहरुलाई रोजगारी प्रदान गर्ने उद्देश्य लिएको छ। यस अवधिमा परियोजना मार्फत ५६७ जना युवाहरुले व्यवसायिक तालिम प्राप्त गरेका छन्। त्यसैगरि Community Mobilization Drive, Confidence Building, Aptitude Test, परियोजनामा प्रशिक्षकहरुको संलग्नता, पुर्व प्रशिक्षार्थीको क्लव जस्ता अति महत्वपुर्ण विषयलाई हामीले प्रविधिक शिक्षालयमा संस्थागत गर्न सकेका छौं। यस वर्ष हाम्रो ३ वर्षे परियोजना सम्पन्न गरि नयाँ चरणमा ५ वर्षका लागि नयाँ परियोजना तयार गर्ने अवस्थामा छौं।



फिनल्याण्ड राजदुतावासको फन्ड फर लोकल कोअपरेशन र युसेप नेपालको साझेदारीमा संचालित **अति सिमान्तकृत समुदायका युवाहरुका लागि जिविकोपार्जन कार्यक्रम** ले धादिङ, गोरखा, चितवन र मकवानपुर जिल्लाका चेपाङ, वोटे र दराम जातिका युवाहरुलाई अभिमुखिकरण, सामाजिक संजाल निर्माण, व्यवसायिक तालिम, रोजगार सहयोग लगाएतका क्रियाकलापका माध्यमवाट ति समुदायलाई नयाँ पेशामा प्रवेशको वाटो खुलाउने उद्देश्य लिएको छ। पहिलो चरणमा ११९ जना युवाहरुले तालिम प्राप्त गरेर त्यसको करिव ७८ प्रतिशतले कार्य शुरु गरिसकेका छन्। यस परियोजनाले नयाँ चरणमा थप २ जिल्ला तनहुँ र नवलपरासीलाई समेत समेट्ने योजना वनाएको छ।

यसरी सानो ठिमी प्राविधिक शिक्षालयले विभिन्न परियोजनाको कायान्वर्यन थलोका रुपमा राष्ट्र निर्माणमा भुमिका निर्वाह गरेको छ। आज यस शिक्षालयवाट प्रशिक्षण पाएका युवा जनशक्ति देश र विदेशका श्रम वजारमा अव्वल दर्जाका प्राविधिकका रुपमा कार्य गरिरहेका छन्। यस यात्रामा सघाउ पुऱ्याउने विभिन्न व्यक्ति, संस्था र निकायलाई विशेष धन्यवाद दिनुपर्दछ। साथै हाम्रो देशमा शिक्षा र सीपको अवाभमा दुखद जीवन विताइरहेका युवा वर्गको उज्जल भविष्यमा थप सहयोग गर्ने नयाँ सहयोगी संस्थाको खोजी आजको प्रमुख आवश्यकता हो। यसका साथै हामीसँग भएका कार्यक्रममा समयसामयीक गुणस्तर निर्माण र नतिजामुखी व्यवस्थापन हाम्रो प्रमुख उत्तरदायित्व हुनुपर्दछ।

सुवास सुवेदी
कार्यक्रम संयोजक

## ड्राफ्टस्म्यानसिप एण्ड इन्टेरियर डिजाइनिङ

सानो ठिमी प्राविधिक शिक्षालयको स्थापना सँगै शुरु भएको ड्राटम्यानसिपको तालिम दिने यो एउटैमात्र संस्था हो। स्थापनाकाल देखि नै सानोठिमी प्राविधिक शिक्षालयको अभिन्न अंगको रुपमा रहेको यस ट्रेडले हालसम्म करिव ६०० भन्दा बढी ड्राफ्टम्यानहरु



उत्पादन गरिसकेको छ। ड्राफ्टम्यानसिप भन्नाले कुनैपनि घर, जग्गाकोठा वा कोठामा राखिने फर्निचरहरु समेतको प्रारम्भिक खाकाकोर्नु वा चित्रमा उर्तानु हो जसबाट पहिले नै आफ्नो घर जग्गा वा कोठाको स्वरुप कस्तो हुन्छ भनि अनुमान लगाउन सकिन्छ। परम्परागत शैलीमा कापी कलमको माध्यमबाट Drawing गर्न लाइ computer Software पद्वतिले विस्थापित गरेको अवस्थामा यस सानोठिमी प्राविधिक शिक्षालय ले पनि यस तालिमलाइ परिमार्जित गर्दै परम्परागत एवं कम्पुटरमा Software, Auto-cad को माध्यमबाट तालिम दिदै आइरहेको छ। बजारको बढ्दो मागलाइ ध्यानमा राखेर यसै वर्ष देखि Basic Interior Designing course लाइपनि यसै तालिममा समावेश गरिएको छ। बजारको माग अनुसार तालिमलाइ परिमार्जित गर्दै लग्नुले तालिमको सार्थकता अझै थपिदिएको छ। Interior Designing भन्नाले घर, कोठा वा अफिसलाइ व्यवस्थित एवं सुन्दर बनाउने कला हो। पहिले धनी उच्चवर्ग एवं ठुला ठुला व्यापारिक प्रतिस्ठानहरुलाई मात्र प्रभाव पारेको Interior Designing Concept हाल आएर स-साना पसलहरु देखि लिएर मध्यम वर्गको समेत आकर्षण बनेको छ।

आधुनिक घर, Apartment, व्यावसायिक प्रतिष्ठान एवं विभिन्न Housing company हरुको विकास सँगै यस किसिमको तालिमको महत्व अझै बढ्दै गइरहेको छ। यो तालिम बजारमुखी एवं रोजगार मुलक भएकाले पनि यस तालिममा प्रशिक्षार्थीको आकर्षण बढेको छ। तालिमको सुरुवातमै प्रशिक्षार्थीहरुको बढ्दो चापले पनि यस तालिम प्रतिको आकर्षण दर्शाउछ।

तालिममा विभिन्न बर्ग, उमेर समुह र योग्यताका प्रशिक्षार्थीहरु विभिन्न उद्देश्यका साथ सहभागि भएका छन्। कोही आफ्ना ओभरसियर दाजुलाइ सघाउनको लागि त कोही गृहणी भएकाले आफ्नै घरलाइ सिंगार्नका लागि त कोही यसै क्षेत्रमा आफ्नो दक्षता देखाउनका लागि यसरी विभिन्न उद्देश्यका साथ आएका प्रशिक्षार्थीहरुलाई सानोठिमी प्राविधिक शिक्षालयले एकै छाना मुनी तालिम प्रदान गर्दै आएको छ। तालिमका एक प्रशिक्षार्थी लिना श्रेष्ठ तालिममै सहभागि हुनको लागि शिक्षकको जागिर नै छोडेको कुरा बताउनु हन्छ आफुलाइ पहिलै देखि इच्छा भएको र रोजगारी एवं व्यवसायको ठूलो संभाव्यता भइकोले यस तालिममा सहभागि भएको बताउछिन्।

न्यूनतम शुल्कमा दक्ष प्रशिक्षकहरुको साथमा आधुनिक तवरले ड्राफ्टम्यानसिप र बेसिक इन्टेरियर डीजाइन एक बर्षे तालिममा हाल २८ जना प्रशिक्षार्थीले तालिम लिइरहेका छन्।

## टेलरिङ

सानोठिमी प्राबिधिक शिक्षालय स्थापना सँगै सुरु भएको टेलरिङ्ग ट्रेडले स्थापनाकाल देखि ५ वर्ष भित्र करिव २५० जना प्रशिक्षार्थीहरुलाई १ वर्षे तालिम प्रदान गरेको थियो। त्यस पछि भने विभिन्न कारणहरुले गर्दा तालिम करिव बन्द अवस्थामा रहयो।



हालै आएर सन् २०१२ देखि यस ट्रेडलाई पुन संचालन गरियो। पहिलो समुहमा २५ जना सहभागी भएका थिए। दोस्रो समुहमा ९ जना तालिममा सहभागि भएका छन्। हाल सिलाई सम्वन्धि ६ महिने बेसिक तालिम संचालन गरिएको छ। यो ट्रेड युसेप नेपाल र फिनल्याण्ड राजदुतावासको सहयोगमा पुन संचालन भएको हो। एफ एल सि परियोजना अन्तर्गतका २५ जना प्रशिक्षार्थीले तालिम सफलतापुर्वक हासिल गरि हाल विभिन्न संस्थाहरुमा कार्यरत रहेका छन्। तालिमको बारेमा प्रशिक्षार्थीका अनुसार महिलाहरुलाई सिलाई सम्वन्धि ज्ञान अति जरुरी छ। सिलाई सम्वन्धि सानोतिनो कामहरु गर्नु पर्ने भएकोले रोजगारको लागि मात्र नभएर सिप छ भने त्यतिकै बस्न नपर्ने र स्वरोजगारको लागि पनि सहयोग हुने भएकोले विशेष गरि महिलावर्गका लागि छनौटमा पर्ने गरेको पाइएको छ।

## हेभि ईक्विपमेण्ट अपरेटर तालिम

२ वर्ष अघि एम ए डब्लु इन्टरप्राइजेज प्रा. लि र युसेप नेपालको संयुक्त प्रयासमा सुरु भएको JCB तालिमबाट ४५० जना भन्दा बढी व्यक्तिले तालिम लिईसकेका छन्। जस मध्ये आधा भन्दा बढिको संख्यामा वैदेशिक रोजगारको लागि बिभिन्न मुलुकमा गईसकेको र बाँकिको नेपालको बिभिन्न स्थानमा अपरेटर र सहयोगिको रुपमा काम गरिरहेका छन्। हालसम्म JCB ब्याक्हो लोडरको मात्र तालिम दिदैआएकोमा चैत महिना देखि JCB को Excavator को पनि तालिम



संचालन गरिएको छ। यस तालिमबाट मेशिन संचालनको साथै सुरक्षा र आधारभुत मर्मत संभारको बारेमा पनि जानकारी दिइने हुनाले दक्ष जनशक्ति उत्पादनमा सहयोग पुगेको छ। जसको माग बजारमा अत्याधिक रहेको र आम्दानि पनि राम्रो भएकोले तालिम लिनेको संख्यामा पनि उल्लेख्य वृद्धि भइरहेको छ। हाल सम्म नेपालमा ब्याक्हो को १२०० भन्दा बढि मेसिन संचालनमा छन्। यो तालिम पछि विदेशमा पनि राम्रो कमाइ हुने हुनाले १८ वर्ष पुगेका र साधरण लेख पढ गर्न सक्ने युवा युवति जो कोहि ले पनि तालिम लिन सक्छन्। Excavator तालिममा महिलाहरुको लागि विशेष छुटको पनि व्यवस्था गरिएको छ।

**समुदाय परिचालन** : AEAI को सहयोगमा तालिमहरु सञ्चालन गर्ने क्रममा



CMD को शरुवात भयो जसको अवधारणा iLEAD बाट नै प्राप्त भएको हो । विगत १ वर्षदेखी यो संस्थागत रुपमा सशक्त ढंगले कार्यान्वयन भईरहेको छ । शिक्षालयले आफ्ना प्रशिक्षकहरुको सहयोगमा विभिन्न समय र स्थानमा शिक्षालयमा सञ्चालन हुने सबै तालिमको लागि समुदाय परिचालन कार्यक्रम निरन्तर रुपले गर्दै आएको छ । यसबाट शिक्षालयको लक्षित वर्गका रुपमा रहेका बेरोजगार युवा युवतिहरु लाभान्वित भएका छन् । करिव ६ महिनाको अन्तरालमा ५०० मानिसहरुको लागि ५० वटा CMD गरियो ।

**जीवनोपयोगी सीप र परामर्श** : विभिन्न परियोजना सञ्चालन गर्ने क्रममा सेभ द चिल्ड्रेन र युसेप नेपालको साझेदारीमा युवाका लागि शिक्षा, शान्ति र विकासका लागि युवा नामक परियोजना संचालन गरिएको थियो । जीवनोपयोगी सीप र परामर्श को अभ्यास यसै परियोजनाबाट भएको हो । प्रशिक्षार्थिहरुलाई प्राविधिक तालिमले मात्र पुग्दैन, वस्तुगत तथा विषयगत ज्ञानका साथै व्यवहारिक ज्ञान पनि अपरिहार्य छ। कार्यस्थानमा अनुशासनको पालन, समय व्यवस्थापन, काममा आत्मविश्वास, सकारात्मक सोच, ग्राहकहरुसँगको समन्वय तथा व्यक्तित्व विकास गर्नका लागि जीवनोपयोगी सीप (soft skills) को आवश्यकता पर्ने कुरालाई ध्यानमा राखी शिक्षालयले विभिन्न विषयमा आवश्यकताअनुसार जीवनोपयोगी कक्षाहरु सम्बन्धित विज्ञहरु तथा प्रशिक्षकको सहयोगमा सञ्चालन गर्दै आएको छ । करिव ६ महिनाको अन्तरालमा ४८ वटा कक्षाहरु सञ्चालन गरियो ।

**अवलोकन भ्रमण :**

प्रशिक्षार्थिहरुको आत्मबल वृद्धिका लागि शिक्षालयले अपनाएको विभिन्न नीतिमध्ये Exposure visit पनि एक हो । शिक्षालयले समय समयमा सम्पन्न हुने विभिन्न Expo तथा fair हरुमा साथै विभिन्न प्राविधिक शिक्षालय तथा कलकारखानमा प्रशिक्षार्थिहरुलाई भ्रमण एवं सहभागी गराई नयाा प्रविधि सम्बन्धि ज्ञान लिने अवसर प्रदान गर्दछ । यस वर्ष शिक्षालयले ड्राफ्टिप तथा ईन्टेरियर डिजाइनिङ्ग, अटोमोवाइल, मोटरसाइकल, प्लम्बिङ्ग, हाउसवायरिङ्ग, मोवाइल रिपेयर ट्रेडका प्रशिक्षार्थिहरुलाई सम्बन्धित Expo तथा कलकारखानमा शैक्षिक भ्रमण तथा सहभागी गराइयो ।

**5 'S'**

JICA स्वयंसेवी हाजिमे किहानाले अटोमोवाइल तालिम प्रशिक्षकका रुपमा सहयोग गर्नाका साथै कार्यशाला व्यवस्थापनका लागि महत्वपूर्ण ५ प्रक्रिया: वर्गिकरण गर्नु, मिलाउनु, व्यवस्थित सफाई, स्तरीकरण गर्नु, अनुशासनको स्तर कायम राख्नु/निरन्तरता दिनु लाई शिक्षालयमा प्रचारित गरे । यसै सन्दर्भमा 5 'S' एक



जानकारी भनी कर्मचारी, युसेप वोर्ड लगायत JICA का volunteer coordinator को उपस्थितिमा एक कार्यक्रम गरियो। यस विषयलाई शिक्षालयले एक आवश्यक तत्व ठानी संस्थागत गऱ्यो । रु. २२,२२२ धनराशीको व्यवस्था गरी शिक्षालयको ट्रेडमा कार्यशाला व्यवस्थापन सम्बन्धि प्रतियोगिता गरी यसको शुरुवात गऱ्यो । हाल विभिन्न समयमा कार्यशालाको व्यवस्थापन एवं सरसफाईको बरेमा कार्यशालाको अवलोकन तथा सो कार्यक्रमको निरन्तरता दिने कार्यहरु कर्मचारी तथा अन्य सहयोगीहरुको सहयोमा भईरहेको छ। यस कार्यले प्रशिक्षार्थिहरुले आफ्नो कार्यशाला कसरी सफा एवं व्यवस्थित बनाउने भन्ने बारेमा विस्तृत जानकारी प्राप्त गर्न सक्दछन् ।

**खेलकुद सप्ताह** : शिक्षालयलाई शिक्षालयको रुपमा अझ प्रतिष्थापित गर्नको



लागि विभिन्न खेलको आयोजना गरी ट्रेड ( ट्रेड बिचका प्रशिक्षार्थिहरुको प्रतिस्पर्धा गराई खेलकुद सप्ताहको आयोजना गरियो । हरेक खेलमा प्रशिक्षार्थिहरुको बढीभन्दा बढी सहभागिता रहेको थियो त्यसमध्ये पनि भलिवल प्रतियोगिता निकै नै रोमाञ्चक रहेको थियो । खेलकुदले प्रशिक्षार्थिहरुको दिमाग तथा शारीरिक स्फूर्तिलाई विशेष योगदान पुऱ्याउने हुँदा खेलकुद सप्ताहको नारा "for body & brain. A week for and by trainees of UCEP Nepal" राखिएको थियो ।

**रक्तदान कार्यक्रम** : शिक्षालय एउटा सामाजिक संस्था भएको हुनाले समाजका पक्षलाई समेटनको लागि रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । भनिन्छ रक्तदान जीवनदान ,



यसै कारणले होला प्रशिक्षार्थि तथा कर्मचारीको उत्साहपूर्ण सहभागिता रहेको थियो । जम्मा ५५ जनाले यस कार्यक्रममा रक्तदान गर्नुभएको थियो । यस्ता कार्यक्रमले प्रशिक्षार्थिहरुलाई सामाजिक एवं समाजप्रति उत्तरदायी बन्न सहयोग पुऱ्याउने विश्वास शिक्षालयले लिएको छ ।

**अतिरिक्त क्रियाकलाप** : प्रशिक्षार्थिहरुको आत्मविश्वास बढाउने एवं विभिन्न क्रियाकलापमा संलग्न गराउने अभिप्रायले शिक्षालयले Extra curricular activity of the month को आयोजना गर्ने गर्दछ । यस क्रममा शिक्षालयले हाजिरी जवाफ, वादविवाद, खेलकुद, निवन्ध लेखन जस्ता



प्रतियोगिता एवं सरसफाई कार्यक्रमहरु गर्दै आएको छ । यस्ता कार्यक्रममा प्रशिक्षार्थिहरु निकै उत्साहित रुपले भाग लिने गर्दछन् । यस्ता

कार्यक्रमहरुले प्रशिक्षार्थिको व्यक्तित्व विकासमा सघाऊ पुर्‍याउने विश्वास शिक्षालयले लिएको छ। करिव ५ महिनाको अन्तरालमा अतिरिक्त क्रियाकलापका रुपमा हाजिरी जवाफ, टेवल टेनिस, निवन्ध प्रतियोगिता गर्न सफल भयौं।

**अन्तर्राष्ट्रिय तालिम** :शिक्षालयले राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय प्रशिक्षार्थिहरुको लागि पनि तालिम सञ्चालन गर्दछ। यस क्रममा



यस वर्ष १० भूटानी प्रशिक्षार्थिहरुलाई विभिन्न प्राविधिक तालिम सफलतापूर्वक प्रदान गरेको छ। यसैलाई निरन्तरता दिने क्रममा हालै मात्र पनि एक जना SAARC Development Fund Secretariat का भूटानी प्रशिक्षार्थिलाई क्उभ( अर्ब्ला एबअपबनभ को रुपमा Automobile System Training प्रदान गरेको छ।

**दशैं पूजा** : शिक्षालयको परम्पराको रुपमा रहेको दशैं पूजा, विभिन्न संस्थाका प्रतिनिधिहरु, संस्थाका आजीवन तथा साधारण सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी, संस्थाका कार्यकारी सदस्यज्यूहरु एवं अतिथिहरुको सहभागितामा यस वर्ष पनि धुम धामका साथ दुर्गा पूजा गरी मनाइयो।

**सरस्वती पूजा** :शिक्षालयको परम्पराको रुपमा रहेको सरस्वती पूजा कार्यक्रम, शिक्षालयका सम्पूर्ण प्रशिक्षार्थी साधारण सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी एवं अतिथिहरुको सहभागितामा यस वर्ष पनि पुजाआजाका साथ देवी सरस्वतीको पूजा गरी मनाइयो। हिन्दुहरुको धर्ममा ज्ञानकी देवीको रुपमा मानिएकी सरस्वतीले सवैलाई ज्ञान प्रदान गरुन भन्ने प्रार्थनाका साथ यो पूजा गरिन्छ।

**वाल दिवस** :भाद्र २९ गते शिक्षालयले सम्पूर्ण कर्मचारी एवं प्रशिक्षार्थीहरुको साथमा सांस्कृतिक कार्यक्रम एवं सामुहिक शुभजन्मोत्सव को आयोजना गरी राष्ट्रिय वाल दिवस भव्यताका साथ मनायो। औपचारिक कार्यक्रममा संस्थाका पदाधिकारीहरुले समाजलाई शान्तिपूर्ण एवं



सुसंगठित वनाउनका लागि वाल अधिकारको महत्व माथि प्रकाश पार्नु भएको थियो साथै सो कार्य तर्फ यस संस्थाले चालिरहेको कदमका वारेमा पनि चर्चा गर्नु भएको थियो।

**Valentine's Day** : सम्पूर्ण प्रशिक्षार्थी एवं कर्मचारीको सहभागितामा, विभिन्न चाडहरुलाई मनाउने क्रममा, आजभोलीको युवा पुस्तामा प्रचलित Valentine's Day लाई शिक्षालयमा पृथक तरिकाले मनाइयो। माया साटासाट गरेर मनाइने यस दिनलाई शिक्षालयले गरीव, असहाय एवं न्यूनतम सुविधावाट वञ्चित वालवालिकालाई कसरी माया दिन सकिन्छ भन्ने सोच र एक जना प्रशीक्षार्थीले कमसेकम एक जना सिमान्तकृत युवा वा युवतीलाई शिक्षालयको तालिममा सहभागी गराउने, जसवाट उसको जीवनमा सुधार होस भन्ने अठोटका साथ प्रचारित गरियो। "Spread love for humanity" सो कार्यक्रमको नारा थियो।

**MIS** : युसेप नेपालमा प्रशिक्षणरत र तालिम लिइसकेका प्रशिक्षार्थीहरुको पूर्ण विवरण तथा अन्य आवश्यकीय तथ्याङ्कहरुलाई अध्यावधिक गर्न छुट्टै MIS को software र सोलाई आवश्यक फाराम ढाँचा तैयार गरी आधारसंकलन र सूचनाहरु अध्यावधिक गर्ने कार्य शुरु गरिएको छ।

**युसेप मित्र मण्डल गठन** : युसेप नेपालका सदस्य, कर्मचारी, पूर्व कर्मचारी, प्रशिक्षार्थी र पूर्व प्रशिक्षार्थी तथा युसेप-नेपालसँग सम्वन्धित विभिन्न संघ संस्थाको संजाल खडा गरी यसको लक्षित समूह तथा क्लवका सदस्यहरुको आपसी हितको अभिवृद्धि गर्ने गराउने उद्देश्यले युसेप नेपाल मित्र समूह गठन गरियो, जस्ले भविष्यमा युसेप नेपालको उद्देश्य परिपूर्ति गर्न युसेप नेपालवाट सञ्चालित सवै कार्यक्रमहरुको सक्रिय सहभागि भई प्रभावकारी भूमिका खेल्ने अपेक्षा राखिएको छ। यस समूहमा आवद्ध हुन संस्थाका कर्मचारी तथा पूर्व कर्मचारीले रु. १५० र प्रशिक्षार्थी तथा पूर्व प्रशिक्षार्थीहरुले रु. १० वुझाई सदस्यता प्राप्त गर्न सक्ने प्रावधान रहेको छ।

**EVENT Project** : विश्व बैंकको सहयोगमा नेपाल सरकारको लागि Enhanced Vocational Education and Training Project (EVENT) परियोजनाद्धारा वेरोजगार युवायुवतीहरुका लागि वजारमुखी र रोजगार मूलक छोटो अवधिको तालिम सञ्चालन गरी स्वदेशी तथा वैदेशिक रोजगारको व्यवस्था गर्न देशको विभिन्न स्थानमा तालिम प्रदायक संस्थाहरु मार्फत तालिम सञ्चालित छ। उक्त उद्देश्य अनुसार नतिजामा आधारित तालिम कैलालीको धनगढीमा UCEP Nepal LRS द्वारा ईलेक्ट्रिसियनमा ८०, टेलरिङमा ८० र व्यूटिपार्लर मा ४० जना तथा भौचरमा आधारित जुनियर प्लम्वरमा ८० र मोटरसाइकल मेकानिक तालिममा ८० जनालाई युसेप नेपालद्धारा सञ्चालित सानो ठिमी प्राविधिक शिक्षालयमा तालिम सञ्चालन भइरहेको छ।

**वाल सुधार गृह विस्तार** : बाल सुधार गृह युसेप, नेपालद्वारा नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (मन्त्रालय) तथा नेपाल सरकार गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग (विभाग) साग भएको सम्झौताको आधारमा संचालित कार्यक्रम हो। यसले कानूनसंग विवादमा परेका बालबालिकाको आचरण सुधार तथा नैसर्गिक



हकहित एवं अधिकारलाई सुनिश्चित एवं संरक्षण गर्न सहयोग गर्दछ। क्षेत्रीय रुपमा बाल सुधार गृहको विस्तार गर्दै जाने नेपाल सरकार को नीति अनुरुप मिति २०६८ साल फाल्गुण २७ गते कास्की जिल्लाको साराङ्गकोटमा बाल सुधार गृहको शाखा विस्तार गरिएको छ। उक्त शाखाको व्यवस्थापनको जिम्मा समेत युसेप नेपालले पाएको छ। सोही क्रममा बाल सुधार गृह विराटनगर , मोरङ्ग संचालनको लागि मन्त्रालय र विभाग सित सम्झौता भईसकेको छ र सो गृह आ.व. २०६९/७० को अन्त्य सम्ममा संचालनमा ल्याउने योजना रहेको छ।

## बार्षिक तालिम तालिका २०७०/७१

| क्रियाकलाप | नियमित १ वर्षे तालीम | | ६ महिने तालीम | | ४ महिने तालीम | | |
|---|---|---|---|---|---|---|---|
| | पहिलो सत्र | दोस्रो सत्र | पहिलो सत्र | दोस्रो सत्र | पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र |
| १. भर्ना कार्यक्रम | | | | | | | |
| १.१ भर्ना आह्वान | श्रावण १- २१ | माघ २-२१ | श्रावण १- २१ | माघ २-२१ | भाद्र १-१० | कार्तिक २० -मार्ग ५ | चैत्र ३-२१ |
| १.२ फारम दर्ता अन्तिम मिति | श्रावण १- २१ | माघ २-२१ | श्रावण १- २१ | माघ २-२१ | भाद्र १-१० | कार्तिक २० -मार्ग ५ | चैत्र ३-२१ |
| १.३ अन्तर्वार्ता | श्रावण २२ | माघ २२ | श्रावण २२ | माघ २२ | भाद्र १३ | मार्ग ७ | चैत्र २३ |
| १.४ नतिजा प्रकाशन | श्रावण २३ | माघ २३ | श्रावण २३ | माघ २३ | भाद्र १४ | मार्ग ९ | चैत्र २४ |
| १.५ भर्ना | श्रावण २३- ३२ | माघ २३-२९ | श्रावण २३- ३२ | माघ २३-२९ | भाद्र १४-१६ | मार्ग १०-१६ | चैत्र २४- वैशाख |
| २. शैक्षिक सत्र प्रारम्भ | भाद्र १ | फाल्गुण १ | भाद्र १ | फाल्गुण १ | भाद्र १६ | पौष १७ | वैशाख १७ |
| ३. अर्ध वार्षिक /आन्तरिक परीक्षा | फाल्गुण १-१४ | श्रावण १०- १५ | मार्ग १० - १५ | वैशाख २५-३० | कार्तिक २४ | फाल्गुण १४ | आषाढ २५ |
| ४. कार्यगत तालिम | जेष्ठ १५- आषाढ ३० | मार्ग १५ - माघ १५ | पौष २५- माघ २० | आषाढ २०-श्रावण १९ | माघ १४-पौष ५ | चैत्र १६-वैशाख ५ | श्रावण १- ३० |
| ४. अन्तिम परीक्षा | श्रावण १५- २५ | माघ २० -२४ | माघ २१ -२४ | श्रावण २०- २७ | पौष ७ - ९ | वैशाख ८-१० | भाद्र ५- १० |
| ५. सीप परीक्षण | श्रावण २८ | माघ २६ | माघ २६ | श्रावण २८ | पौष ११ - १३ | वैशाख १२-१३ | भाद्र १३ |
| ६. नतिजा प्रकाशन | श्रावण ३० | माघ २८ | माघ २८ | श्रावण ३० | पौष १४ | वैशाख १५ | भाद्र १४ |
| ७. प्रमाणपत्र वितरण | श्रावण ३२ | माघ २९ | माघ २९ | श्रावण ३२ | पौष १६ | वैशाख १६ | भाद्र १६ |



शिक्षालयबाट सफलतापूर्वक तालिम सम्पन्न गर्ने सफल प्रशिक्षार्थीहरुको रोजगारको अवस्थालाई झल्काउने चार्ट

### भाद्र १ गते देखि माघ मसान्त सम्मको प्रशिक्षार्थीहरुको विवरण

| क्रं. सं. | कार्यक्रम/ तालिम | प्रशिक्षार्थी संख्या | विवरण |
|---|---|---|---|
| १. | नियमित सत्रको तालिम | १५० | नियमित भाद्र सत्र अन्तर्गत हाल १५० प्रशिक्षार्थी प्रशीक्षणरत छन्। |
| २. | एफ एल सि | ६२ | यस अन्तर्गत हाल ६२ प्रशिक्षार्थी तालिम लिईसकेका छन्। |
| | एड एट एक्शन | १९९ | ७ औं समूहमा १११ र ८ औं समूहमा ८८ प्रशिक्षार्थीले तालिम लिईसकेका छन्। |
| ४. | विशेष प्याकेज | ८५ | यस अन्तर्गत कादुरीका १५, स्पेस बर्दियाका १२, भुटानी १२, सिङ्गापुर लाहुरे ४, पिसविनका ५, HIO का ७, बालसुधार गृहका ३० जना |
| ५. | हलुका सवारी चालक | ८१ | यस तालिममा ८१ प्रशिक्षार्थीले तालिम लिईसकेका छन्। |
| ६. | हेभि ईक्विपमेण्ट अपरेटर | ११५ | यस तालिममा ११५ प्रशिक्षार्थीले तालिम लिईसकेका छन्। |
| | जम्मा | ६९२ | |

# नया वर्ष २०७० को अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरु लाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छौं।


**S.M.TRADE CONCERN PVT.LTD.**
Balkumari, Lalitpur, Tel 5528502



All kinds of Gensets, Light Construction Equipment, Machinery, Power Tools & Hand Tools

**Nuna Trade and Suppliers**

Our Services
- Stationeries
- Sports Materials
- Montessorri Materials
- All Official Items



Contact
Chinatown, Sundhara, Kathmandu
Tel 01-4263892/ 9841486960

Proprietor Mr. Kalyan Subedi

**WebSurfer** THE BROADBAND COMPANY
ISO 9001:2008 CERTIFIED COMPANY

Websurfer Nepal Communication System Pvt. Ltd.
3rd floor, Shree Raj Bhawan, Subidhanagar, Tinkune, Kathmandu
P.O. Box: 7940, Tel: 977-1-4470093, Fax: 977-1-4485803
E-mail : info@websurfer.com.np.
www.websurfer.com.np
www.facebook.com/websurfernepal

We care on
- Repair & Maintenence
- Spare Parts
- Lubricants
- Dent/Paint
- Car Wash & Polish
- Accessories

**MEGA Automobiles Services Pvt. Ltd.** We care

Akriti Marg-4, Maharajgunj, Chakrapath, Kathmandu
Customer Care Cell 9843340124, Tel No.: -977-1-4016090, 4016112
Email jpc@megamotors.com.np, Website: www.megamotors.com.np






सन वर्क्स नेपाल
SUN WORKS NEPAL
Manufacturer of Solar Energy Appliances

3-Kirtipur Sadak, Balkhu, Kathmandu, Nepal .Tel - 4 330 854, Fax. 4 331 677
Email - sunworks@... Website - www.sunworksnepal.com.np

**CEMET**

Basundhara, Kathmandu
Phone No.: 4-387227
Mobile No.: 9849629779, 9851090155
E-mail: cemetelectrical@gmail.com

# शिक्षालयको तालिम प्रक्रिया

## भर्ना

- समुदाय परिचालन
- विज्ञापन
- अन्तर्वार्ता
- सरोकारवालासंग अन्तक्रिया

## तालिम

### पाठ्यक्रम

- अटोमोवाईल मेकानिक
- जनरल मेकानिक
- अफसेट प्रिन्टिङ्ग प्रेस
- प्रेस टेक्निसियन
- ड्राफ्टम्यानसिप तथा इन्टेरियर डिजायन
- मोटरसाईकल मेकानिक
- बेसिक इलेक्ट्रोनिक्स
- प्लम्बिङ्ग एण्ड स्यानिटेशन
- इलेक्ट्रोनिक्स एवं मोबाईल मर्मत
- बेसिक इलेक्ट्रिसियन
- बेसिक वेल्डिङ्ग
- हेभि इक्विपमेन्ट अपरेटर (JCB)
- हलुका सवारी चालक
- टेलरिङ्ग

### सह पाठ्यक्रम

- अभिमुखीकरण
- जीवन उपयोगी सीप
- सांस्कृतिक कार्यक्रम
- खेलकुद तथा रचनात्मक क्रियाकलाप

## मूल्याङ्कन तथा प्रमाणीकरण

- आन्तरिक परीक्षा
- अन्तिम परीक्षा
- सीप परीक्षण
- प्रमाण-पत्र वितरण

## कार्यगत तालिम तथा रोजगारी

- रोजगार प्रदान गर्न निकायसित छलफल र अन्तक्रिया
- कार्यगत तालिम
- रोजगार तथा आत्मसम्मानपूर्ण जीवन














# सानो ठिमी प्राविधिक शिक्षालय

सानोठिमी, भक्तपुर

फोन नं.: ०१-६६३०३८८, ०१-६६३१२७९

इमेल: stts@ucep.org.np